# लेखापरीक्षण प्रतिवेदन

# वित्थडचिर गाउँपालिका, बझाङ

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## वित्थडचिर गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौँटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौँट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/257

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
वित्थडचिर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बझाङ्ग।

## कैफियतसहितको राय

हामीले वित्थडचिर गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१० करोड ३२ लाख २० हजार, पर्यटन पूर्वाधार विकासको रु.५७ लाख ४० हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२ करोड ९९ लाख ५२ हजार, स्थानीय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम रू.५० लाख, नमुना विद्यालय प्राविधिक धार शिक्षक पारिश्रमिक रू.३ लाख ६ हजार र राष्ट्रिय सुचना व्यवस्थापन तथा अनुगमन योजना रु.१ लाख समेत गरी रु.१४ करोड ५३ लाख ७७ हजार समावेश गरेको छैन।

३. गाउँपालिकाको रु.१ अर्व ३ करोड ११ लाख ४६ हजार लेखापरीक्षण गरिएकोमा रू.२ करोड ४७ लाख ८२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.६५ हजार लाखको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.६ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१४ लाख २२ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १७ लाख ५ हजार र पेस्की बाँकी रु.८ लाख ९९ हजार रहेको छ। गत वर्षसम्म रु.२० करोड ४ लाख ६५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड ४८ लाख ८४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४८ | ४९ | २,४७,८२,११२ | ० | १ | ६५,००० | ० | ४८ | ४८ | २,४७,१७,११२ | ६,९१,३६८ | २,१७,०४,५३६ | १४,२२,००२ | ० | ० | २,३१,२६,५३८ | ८,९९,२०५ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ्ग | २०,०४,६५,००० | ० | १,०२,९७,४६२ | १९,०१,६७,५३८ | ० | २,४७,१७,११२ | २१,४८,८४,६५० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ६३ | पेश्की बाँकी | ७०,६४,००० |
| २ | २०७९/८० | ३० | नमूना विद्यालय पेश्की | ३०,००,००० |
| ३ | २०७९/८० | ३४ | दोहोरो सुविधा | २,३३,४६२ |
| ४ | २०८०/८१ | १९ | प्रोभिजनल सम | ६५,००० |
| जम्मा | | | | १,०३,६२,४६२ |

# (८०७७०५०९३०० - वित्थडचिर गाउँपालिका, बझाङ )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । संघ, प्रदेश एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ । यस वित्थडचिर गाउँपालिकामा ९ वडा, ८६.१३ वर्ग किलोमिटर क्षेत्रफल, १७,१५४ जनसंख्या तथा ४७ सभा सदस्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१८ देखि २०८१ ।५। २२सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. १ अर्ब ३ करोड ११ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.११३४२४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | लेखापरिक्षणको क्रममाअसुली | ११३४२४।०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम वित्थडचिर गाउँपालिका, प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था देहाय बमोजिम रहेको छ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ६,८४,२९,८०१.०४ | ० | ६,८४,२९,८०१.०४ | ६,८८,६६,९८०.९३ | ० | ६,८८,६६,९८०.९३ |
| १३००० | अनुदान | | २७,५२,०१,९६८.३२ | ० | २७,५२,०१,९६८.३२ | ३४,३३,०९,९३९.०० | ० | ३४,३३,०९,९३९.०० |
| १४००० | अन्य राजस्व | | १९,९४,३०८.२७ | ० | १९,९४,३०८.२७ | ० | ० | ० |
| १५००० | विविध प्राप्ति | | २,०००.०० | ० | २,०००.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ३४,५६,२८,०७७.६३ | | ३४,५६,२८,०७७.६३ | ४१,२१,७६,९१९.९३ | | ४१,२१,७६,९१९.९३ |
| ३ | चालु | | २८,७१,३८,७७४.९२ | ० | २८,७१,३८,७७४.९२ | २८,४४,७५,३९९.९२ | ० | २८,४४,७५,३९९.९२ |
| २१००० | पारिश्रमिक / सुविधा | | २०,३२,६६,०१७.३८ | ० | २०,३२,६६,०१७.३८ | १९,७४,९१,४२३.४२ | ० | १९,७४,९१,४२३.४२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,११,२०,९३५.५४ | ० | ७,११,२०,९३५.५४ | ६,५४,४२,६४६.५० | ० | ६,५४,४२,६४६.५० |
| २५००० | सहायता (Subsidy) | | २०,३९,०००.०० | ० | २०,३९,०००.०० | ९४,१४,०००.०० | ० | ९४,१४,०००.०० |
| २६००० | अनुदान | | ० | ० | ० | २६,६६,०००.०० | ० | २६,६६,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | ८३,२८,५०३.०० | ० | ८३,२८,५०३.०० | ६३,७२,८८५.०० | ० | ६३,७२,८८५.०० |
| २८००० | अन्य खर्च | | २३,८४,३१९.०० | ० | २३,८४,३१९.०० | ३०,८८,४४५.०० | ० | ३०,८८,४४५.०० |
| ४ | पूंजीगत | | ५,३०,१३,४२४.०० | ० | ५,३०,१३,४२४.०० | १२,९२,२६,६२१.०० | ० | १२,९२,२६,६२१.०० |
| ३१११० | भवन तथा संरचना | | ४३,७५,८३६.०० | ० | ४३,७५,८३६.०० | ३,६०,७३,४९८.०० | ० | ३,६०,७३,४९८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४५,१७,६९९.०० | ० | ४५,१७,६९९.०० | ७५,३०,०५३.०० | ० | ७५,३०,०५३.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ५,९६,२५०.०० | ० | ५,९६,२५०.०० | १,००,०००.०० | ० | १,००,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ३,३२,२०,६८८.०० | ० | ३,३२,२०,६८८.०० | ७,४८,९७,४६१.०० | ० | ७,४८,९७,४६१.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ९१,५८,९५१.०० | ० | ९१,५८,९५१.०० | १,०६,२५,६०९.०० | ० | १,०६,२५,६०९.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ११,४४,०००.०० | ० | ११,४४,०००.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ३४,०१,५२,१९८.९२ | | ३४,०१,५२,१९८.९२ | ४१,३७,०२,०२०.९२ | | ४१,३७,०२,०२०.९२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग) | बचत /कमी (ग = क-ख ) | | ५४,७५,८७८.७१ | | ५४,७५,८७८.७१ | -१५,२५,१००.९९ | | -१५,२५,१००.९९ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ८०,५३,५३४.९८ | | ८०,५३,५३४.९८ | ६०,७५,८७६.६० | | ६०,७५,८७६.६० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,३५,२९,४१३.६९ | | १,३५,२९,४१३.६९ | ४५,५०,७७५.६१ | | ४५,५०,७७५.६१ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | २,४६,६८,९९२.७४ | | २,४६,६८,९९२.७४ | २,०६,९३,२१७.२३ | | २,०६,९३,२१७.२३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,८१,९८,४०६.४३ | | ३,८१,९८,४०६.४३ | २,५२,४३,९९२.८४ | | २,५२,४३,९९२.८४ |

## ३ वित्तीय प्रतिवेदन

३.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले स्वीकृत भएको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या र सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन गरी प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरेको (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाले सञ्चित कोषको आर्थिक कार्यप्रणालीको लेखाङ्कन स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा ल्याएको छ भने अन्तर सरकारी अख्तियारीको कारोबार CGAS सफ्टवेयरबाट गरेको छ तर वित्तीय विवरण तयार गर्दा CGAS को कारोबार सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०३२२००००।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १०६००००।००, पर्यटन पूर्वाधार विकास आयोजना, रु. ५७३९६०४।०० स्थानीय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम रु. ५००००००।००,नमुना विद्यालय प्रविधिक धार शिक्षक पारिश्रमिक रु. ३०५८३२।००, राष्ट्रिय सुचना व्यवस्थापन तथा अनुगमन योजना रु १०००००।०० र एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम रु. २९९५२०००।०० गरी रु.१४५३७७४३६।०० एकिकृत वित्तीय

विवरण (२७०) लेखाङ्कन गरेको छैन । जसले गर्दा वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ, सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **जिन्सी तथा सम्पत्ति** – पालिकाको जिन्सी तथा सम्पत्तिको सफ्टवेयर प्रणालीमा अभिलेख भएको सम्पत्ति वित्तीय विवरणको टिप्पणी ११ मा समावेश भएको देखिएन ।

३.४ **फरक हिसाब-** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. १६,३९,३८,८२६।५५ यस वर्षको भुक्तानी रु. १६,३९,३९,२४७।६५ र मौज्दातमा रु. ४२१।०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत आ.व.को नगद तथा बैंक मौज्दात | यसवर्षको कुल जम्मा प्राप्ति | यसवर्षको कुल जम्मा भुक्तानी | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) | २,४६,६८,९९२.७४ | ३४,५६,२८,०७७.६३ | ३४,०१,५२,१९८.९२ | ८०,५३,५३४.९८ | ३,८१,९८,४०६.४३ |
| एकीकृत आर्थिक विवरणअनुसार | २४६६८९९२.७४ | ५०,९५,६६,९०४।१८ | ५०,४०,९१,४४६।५७ | ८०,५३,५३४.९८ | ३८१९७९८५.४३ |
| फरक | ० | १६,३९,३८,८२६।५५ | १६,३९,३९,२४७।६५ | ० | ४२१।०० |

३.५ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.२३,८१,७०८.४० राजस्व बाँडफाँट र अनुदानबाट रु.३६,१८,०८,१८०.८४ समेत रु.३६,४१,८९,८८० आम्दानी भएकोमा चालु तर्फ रु.२८,७१,३८,७७४.९२ र पूँजीगत तर्फ रु.५,३०,१३,४२४ समेत रु.३४,०१,५२,१९८।९२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७० प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु.८९,३७,३४०।०० खर्च भएको छ जुन आन्तरिक आयको ३७५.२४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७८.८४ प्रतिशत चालु शिर्षकमा र १४.५५ प्रतिशतमात्र पूँजीगत शिर्षकमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिएकोले आन्तरिक आयको श्रोत खोजि प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेपनि लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा आवधिक योजना तयार गरेको भएपनि बार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा सो अनुसरण गरेको पाइएन ।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन ।
- दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

खरिद व्यवस्थापन तर्फ

- सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद नियमावली तयार गरेको पाईएन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरी आवश्यक कारवाही गरेको देखिएन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको देखिएन ।

शिक्षातर्फ

- प्रदेश तथा स्थानीय तहमा शसर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप तथा उपक्रियाकलापसहितको त्रैमासिक तथा वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाइनमा आधारित सफ्टवेयरमा प्रविष्टि गर्ने व्यबस्था भएकोमा सफ्टवेयरमा प्रविष्टि गरेको देखिएन ।
- सामुदायिक विद्यालयका शिक्षकसँग स्थानीय तहले कार्यसम्पादन करार गरी कार्यसम्पादन स्तरलाई वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था भएकोमा कार्यसम्पादन करार गरेको देखिएन ।
- विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ नं. (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका अभिलेखहरु तयार गरेको छैन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक गरेको छैन ।

विविध तर्फ

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको कोष, पेश्की

तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ

५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाहरुले प्रत्येक बर्ष मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन, खुद वचत सम्वन्धी नीति र योजना लगायत अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) र सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाभित्र दर्ता भएका १ वटा वहुउद्देश्यीय सहकारी र डिभिजन सहकारीमा दर्ता भै पालिकामा हस्तान्तरण भएका कृषि, वहुउद्देश्यीयवचत तथा ऋण सहकारी समेत हस्तान्तरण भएका ७ वटा समेत ८ सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी, पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ, ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

६ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको सञ्चितकोष, धरौटी, बिबिध खर्च खाता र प्रकोप व्यबस्थापन कोष लगायत कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। साथै, प्राथमिक स्वास्थ्य केन्द्रको आय ब्यय तयार गरी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराएको छैन। तसर्थ, कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

७ **बजेट तथा कार्यक्रम**

७.१ **बजेट सीमा निर्धारण र तर्जुमा समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकीय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले वजेट सिमा निर्धारण समिति तथा वजेट तर्जुमा समितिको वैठक नवसी तयारी वजेट सिधै कार्यपालिका पेश गरी कार्यपालिकाको निर्णयको आधारमा मिति २०८०।३।१० मा सभामा पेश गरिएको छ । ऐनमा व्यवस्था भएअनुसार वमोजिम बजेट सीमा निर्धारण तथा वजेट तर्जुमा समितिले कार्य नगरेको हुँदा यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा उपप्रमुखले मिति २०८०।३।१० मा रु.३९ करोड ७५ लाख ११ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२२ मा पारित भएको छ। यसैगरी, पालिकाका अध्यक्षले मिति २०८०।६।९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान

गरेको अवस्थाबाट २ महिना १० दिन ढिलो गरी खर्च गर्ने अख्तियारी दिएको देखियो। समयमै अख्तियारी प्रदान गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७.३ अवण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसबर्ष आ.व २०७९।८० को सञ्चित कोषको मौज्दात रु. १ करोड ५१ लाख ४७ हजार र आन्तरिक राजश्वको अनुमानित असुलि लक्ष्य रु. ६० लाख गरी २ करोड ११ लाख ४७ हजार रहेकोमा ति दुवै श्रोत रकमको आ.व. २०८०।८१ को वजेट पारित गर्दा अवण्डा वजेट राखि कार्यपालिकाको निर्णय अनुसार खर्च गरी मिति २०८०।१०।३ को हिउदे सभावाट पारित गरेको देखिएको छ । आ.व. २०७९।८० मा आषाढ २४ गते नै वजेट खर्च खाता वन्द भैसकेकाले सो अवधिमा सञ्चित कोषको मौज्दातको रकम आ.व. २०८०।८१ वजेट निर्माण गर्दा नै जानकारी हुने हुँदा सो रकमको वार्षिक कार्यक्रममा राखी वजेट विनियोजन गर्नपर्नेमा नगरेको देखिन्छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्नु उपयुक्त होइन । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ, बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

७.४ **योजनाको प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल १२७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २० | ६ | ९ | ५ |
| २ | वडास्तरीय | १०७ | ० | १३ | ९४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी, यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १२३ योजनामात्र कार्यान्वयन भई ४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ, पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकिकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.५ **बार्षिक खरिद योजना** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम मावार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सो आर्थिक वर्षमा गर्ने खर्चको वार्षिक खरिद योजना तयार गर्नुपर्ने र बार्षिक खरिद योजनामा खरिदको सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद बिधि समेत खुलाउनुपर्ने ब्यबस्था छ। पालिकाले यस वर्ष देहायका खर्च शिर्षकमा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने गरी रु.१७५२१०००.00 वजेट विनियोजन गरी रु.१६६२३९१६.00 खर्च गरेकोमा वार्षिक खरिद योजना बनाएको पाइएन। अत: खरिद सम्वन्धी नियमको उल्लेखित ब्यबस्था अनुसार खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ ।

| खर्च कोड | खर्च शिर्षक | वजेट | खर्च |
|---|---|---|---|
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३९,४०,०००.०० | ३८,७०,२६३.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ६५,०२,०००.०० | ६४,६५,०९६.०० |
| ३११२२ | मेशिनरी तथा औजार | १३,२५,०००.०० | १३,२५,०००.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३७,५४,०००.०० | ३१,९२,६९९.०० |
| २७२१३ | औषधीखरिद खर्च | २०,००,०००.०० | १७,७०,८५८.०० |
| जम्मा | | १७५२१०००. | १६६२३९१६. |

७.६ **दायित्व सृजना र भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक-कार्यविधि-तथा-वित्तीय-उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानीदिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ। पालिकाले नियमित तथा चालु प्रकृतिका खर्च गत वर्षको भुक्तानी दिन बाँकी दायित्व रु ४९००००।०० बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्नेमा चालु प्रकृतिको दायित्वमा राखि भुक्तानी दिन मिल्ने देखिएन ।

## ८ अनुदान प्राप्ती, र उपयोग

८.१ **समानीकरण अनुदानबाट प्रशासनिक खर्च** - अन्तरसरकारी वित्त व्यवस्थापन, ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा स्थानीय तहले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग ( कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ । उक्त ऐन र आयोगको मार्गदर्शन विपरित पालिकाले देहायबमोजिम प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा खर्च गरी भुक्तानी दिएको देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

| खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | वजेट खर्च |
|---|---|---|---|
| नेपाल सरकार – समानीकरण अनुदान : नेपाल सरकार – नगद अनुदान | | | |
| २१११११ | पारिश्रमिक कर्मचारी | ३,५५,८०,०००.०० | ३,३१,१२,०४९.०० |
| २११२१ | पोशाक | ७,६३,०००.०० | ६,५१,०००.०० |
| २११२३ | औषधीउपचार खर्च | ६,००,०००.०० | ५,९९,९७९.०० |
| २११३९ | अन्य भत्ता | ७,००,०००.०० | ६,५९,८००.०० |
| २२११२ | संचार महसुल | ४,५०,०००.०० | ४,४७,०१३.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ५,००,०००.०० | ४,४६,१८२.५४ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,००,०००.०० | ५,००,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ९,८४,०००.०० | ९,८०,२१३.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ३,००,०००.०० | २,९३,०९८.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २,००,०००.०० | ७६,०४०.० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ५,००,०००.०० | ४,९०,९९९.०० |
| २७३१२ | उपदान | १,५०,०००.०० | १,४४,०००.०० |
| सुदुरपश्चिम प्रदेश – समानीकरण अनुदान : सुदुरपश्चिम प्रदेश – नगद अनुदान | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | ३२,८२,०००.०० | ३०,९८,४३२.०० |
| २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | १,००,०००.०० | १,००,०००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०,००,०००.०० | १०,००,०००.०० |
| जम्मा | | | ४२५९८८०५.५४ |

८.२ **सवारी साधन कर वाडँफाडँ** - राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा सवारी साधन वाडँफाडँको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक ट्राफिक व्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पूर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा प्राप्त भएको यस बर्षको सवारी साधन कर वाडँफाडँ रकम रु. ६,४९,००० आयोगले जारी गरेको मार्गदर्शन वमोजिम वजेट बिनियोजन नगरी देहाय खर्च शीर्षकमा विनियोजन गरि खर्च गरेको देखिएकोले अनियमित रु.

| प्रदेश सवारी कर बाट प्राप्त रकम | खर्च संकेत | खर्च शिर्षक | वजेट रकम | खर्च रकम |
|---|---|---|---|---|
| | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४९,०००.०० | ४९,०००.०० |
| | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १,००,०००.०० | १,००,०००.०० |
| | ३११२३ | फर्निचर तथा फिक्चर्स | १०,००,०००.०० | ५,००,०००.०० |
| जम्मा | | | | ६,४९,०००।०० |

| | |
|---|---|
| अनियमित भएको | ६,४९,००० |

८.३ **समपुरक अनुदान** - संघ तथा प्रदेश समपुरक अनुदान कार्यविधि, २०७७ को दफा ६ मा समपुरक योजनावाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत रकम स्थानीय तहले समपुरक अनुदान व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले समपुरक अनुदान अन्तर्गत संघ र प्रदेशवाट प्राप्त अनुदानको ५० प्रतिशत पालिकाले व्यहोर्नुपर्ने र समपुरक रकम बर्षान्तमा वाँकी रहेमा सम्वन्धित सन्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा यो बर्ष समपुरक अनुदानवापत देहायको रकम प्राप्त भएकोमा सो बापत पालिकाले आफ्नो योगदान वापत म्याचिङ फण्डमा रकम जम्मा गरेको पाइएन । यसले गर्दा संघ र प्रदेशको रकम मात्र खर्च भई पालिकाको योगदान रहेको पाइएन । तसर्थ, पालिकाले व्यहोर्नुपर्ने ५० प्रतिशत रकम खर्च रकम नभई पालिका सञ्चित कोषमानै मौज्दात रहेकोले ५० प्रतिशत योगदानको रकम रु.१३,०५,८०२।०० सम्वन्धित सञ्चित कोषमा फिर्ता गर्नु पर्ने रु

| **अनुदान दिने संघ/प्रदेश** | **योजनाको नाम** | **अनुदान खर्च रकम** | **पालिकाले नब्यहोरेको रकम** |
|---|---|---|---|
| नेपाल सरकार - समपुरक अनुदान पूँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | सुनकुडाधारी डोवा सडक | २६,११,६०४।०० | १३,०५,८०२।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,०५,८०२ |

९ **संगठन तथा कर्मचारी व्यवस्थापन**

९.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी पालिका गठन हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दी बमोजिम कार्य सञ्चालन हुदै आएको छ । सो वमोजिम पालिकाको कुल कार्यपालिका र वडा तर्फ ३७ र स्वास्थ्य सेवा तर्फ १९ गरी ५६ कर्मचारी दरबन्दी रहेकोमा २०८१।०३।३१ सम्म गाउँकार्यपालिका र वडा तर्फ २१ र स्वास्थ्य सेवा तर्फ १४ जना गरि ३५ गरी दरबन्दी स्थायी पदपूर्ति भई २२ पद रिक्त रहेको छ । पालिकाले, सातौ आठौ इन्जिनियर १, सातौ आठौ शिक्षा अधिकृत १, सातौ आठौ लेखा अधिकृत १ गरी २२ दरबन्दी समयमा पूर्ति नहुँदा पालिकाको कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

९.२ **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको श्रोत सुनिश्चितता गरी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न ५४ पदमा कर्मचारी करारमा राखी पारिश्रमिक रू.१ करोड ८ लाख ३ हजार खर्च लेखेका छ । त्यसैगरी, सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचेलगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ । यो वर्ष पालिकाले स्वीकृत स्थायी दरवन्दीमा पदपुर्तिको करारको म्याद थप गर्दै कार्य लगाइ यस वर्ष रू. २३ लाख ५२ हजार ४९३ पारिश्रमिक भुक्तानी गरेको यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

| पद | करारमा कार्यरत कर्मचारी संख्या | मासिक तलव | वार्षिक तलव भत्ता रु. |
|---|---|---|---|
| इन्जिनियर | १ | ४३६८९।०० | ५७०२९७।०० |
| सव इन्जिनियर | ३ | १०४१९०।०० | १३५४४७०।०० |
| असिष्टेन्ट सव इन्जिनियर | १ | ३२९०२।०० | ४२७७२६।०० |
| जम्मा | | | २३,५२,४९३।०० |

## १० कानून निर्माण एवं कार्यान्वयन

१०.१ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, १० वटा नियमावली, १६ कार्यविधि, ३ निर्देशिका र २ निति लगायत ३९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

१०.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको ५ वटा बाँकी रहेकोमा यस वर्ष १५ उजुरी परी जम्मा २० वटा उजुरी रहेकोमा १९ वटा फर्स्यौट भई १ वटा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ ।

## ११ सम्पत्ति उपयोग र संरक्षण

११.१ **सम्पत्तिको उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहाय प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | ३००६ वर्गमिटर | मुल्य नखुल्ने | |
| सवारी साधन दुइ पाङग्रे | ० | ० | |
| सवारी साधन दुइ पाङग्रे | १९ | ५०२०७२०।३२ | |
| डोजर | १ | ५५०००००।०० | |
| एम्बुलेन्स | १ | | पाम्समा दाखिला नभएको |

- **इन्धनको अभिलेख** - पालिकाले यस बर्ष इन्धन (कार्यालय प्रयोजन)मा रु. १९,५४,५०१.८२खर्च भएको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS मा राखिनुपर्दछ।
- **उपकरण सञ्चालन कार्यबिधि**- पालिकामा रहेका एम्बुलेन्स गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखेको पाईएन । एकातर्फ एम्बुलेन्स सञ्चालनको पुर्ण रुपमा लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । उक्त साधन सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण प्राथमिक स्वास्थ्य केन्द्र वाट व्यबस्थापन हुने गरेको पाइयो । पालिकाको एम्बुलेन्स मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

- ·**जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८१।५।२० जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। जिन्सी निरिक्षण पश्चात प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने आइटमका सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

११.२ **सार्वजनिक जग्गाको उपयोग** -सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्विकृति लिएको देखिएन ।

११.३ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण** - स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सोको आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै

सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ

## १२ आर्थिक सहायता र अन्य विविध खर्च

१२.१ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाकोआन्तरीक आय रु.२३,८१,७०८.४० रहेकोमा विविध खर्च शिर्षकमा रु. ३४,२४,०००.००बजेट व्यवस्था गरी रु. ३१,६८,२८९.०० मध्ये खाजा खाना खर्चमा रु. १९९०१३८।०० खर्च गरेको छ । उक्त खर्चको बिलमा खाजा, खाना, नास्ता लगायत होटलको बिल पेश हुने गरेकोमा खर्च भएको कार्यको खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न रहेको देखिएन र अतिथि सत्कार खाजा, खाना खर्च सम्वन्धमा अर्थ मंन्त्रालयको मापदण्ड समेत लागु गरेको देखिएन । खर्चका प्रत्येक बिलमा खर्चको मापदण्ड समेत विचार गरी के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ । यस सम्बन्धि केही उदाहरण निम्न छन ।

| **भौ.नं. मिति** | **प्रयोजन** | **भुक्तानी** | **खर्च रकम** |
|---|---|---|---|
| ५६- २०८०।०८।०९ | कार्यालय खाजा खर्च | रघुविर बोहरा | १९९,०००।०० |
| १९३-२०८०।१०।०९ | विविध खर्च | ग्यालेक्सी अप होटल एण्ड लज | ६५,०००।०० |
| ४३५-२०८१।२।६ | विविध खर्च | न्यु होटल दिपज्योति एण्ड लज | ९९,४४५।०० |
| ६९६-२०८१।०३।२३ | खाजा नास्ता खर्च | ग्यालेक्सी अप होटल एण्ड लज | १६६,७१०।०० |

१२.२

**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई आथिक अवस्था कमजोर भएका, दुर्घटनामा परेका, दिर्घरोगीलाई रु. ७,००,०००।००. आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२३,८१,७०८.४० को २९.३९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर कार्यपालिकाको निर्णयको आधारमा आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## १३ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्वन्धी कामका लागी व्यक्ति फर्म वा कम्पनिलाई पेश्की दिदा प्रचलित कानुन वमोजिम वैकं ग्यारेन्टी लिई पेश्की दिनुपर्ने र कार्यलयले सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की वाहेक चालु आर्थिक बर्षको अन्तसम्ममा फर्स्यौट हुन नसक्ने गरी कुनै पेश्की दिन नहुने व्यबस्था छ। त्यस्तै, नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष निम्नानुसार म्याद नाघेको र ननाघेको पेश्की आर्थिक बर्षको अन्तसम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिएको रु.

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | कार्य | पेश्की फस्यौट गर्नपर्ने म्याद | पेश्की रकम म्याद नाघेको | पेश्की रकम म्याद ननाघेको | कैफियत |
|---|---|---|---|---|---|---|
| २०८०/०९/२० | खेलकुद विकास समिती | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | २०८०/१०/२६ | ४,५०,०००.०० | | |
| २०८१/०३/२४ | सुनकुडा स्वास्थ्य चौकी | सुनकुडा स्वास्थ्य चौकी प्रतिक्षालय निर्माण | २०८१।३।३१ | ४,४९,२०५.०० | | |
| | | | | ८,९९,२०५।०० | | |

| | |
|---|---|
| पेश्की | ८,९९,२०५ |

१४ **आन्तरीक आय**

१४.१ **रसिद नियन्त्रण खाताः** पालिकाले राजस्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिनमहालेखा परीक्षकले स्वीकृत गरेको मलेप फाराम.नं. ९०४ रसिद नियन्त्रण खाता तयार गरी राख्नु पर्नेमा सो बमोजिम रसिद नियन्त्रण खाता राखेको छैन। जसबाट पालिका सँग रहेको विगतको बाँकी नगदी रसिद यस वर्ष छपाएका रसिद तथा यस वर्ष विभिन्न वडा तथा पालिकाको राजस्व शाखा लाई उपलब्ध गराएको रसिद के कति संख्यामा रहेका थिए के कति प्रयोगमा आई राजश्व दाखिला भए एकिन गर्न सकिएन। तसर्थ, पालिकाले रसिद बाट प्राप्त आम्दानी को समयमै एकिन गरी दाखिला गर्ने वाँकी भए राजश्व दाखिला गर्नुपर्दछ ।

१४.२ **राजश्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोही दिन वा त्यसको भोलिपल्ट सम्म बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। तोकिएको समय भन्दा १० दिन ढिलो गरी दाखिला गरेमा दाखिला गर्न बाकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना र सो भन्दा पनि ढिला गरेको भएमा १० प्रतिशत जरिवाना र कसुरको मात्रा अनुसार प्रचलित कानुन अनुसार विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ ।तर पालिकाका ९ वटै वडा र पालिकाबाट प्राप्त हुने भुमिकर, मालपोत कर ,वहाल कर, अन्य प्रशासनिक शुल्क, कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर, अन्य कर, परीक्षा शुल्क, सिफारिस दस्तुर, मृत्यु घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, अन्य राजश्व, व्यबसाय कर लगायत अन्य दस्तुर समयमा दाखिला नगरी संकलन भएको लामो समय पश्चात मात्र दाखिला भएको पाईयो। संकलित रकम समयमा नै दाखिला नहुँदा आम्दानीको समयमा प्रतिवेदन दिन तथा दुरुपयोग समेत हुन सक्ने भएकोले पालिकाले संकलित रकमलाई समयमै दाखिला गर्ने तर्फ ध्यान दिनुपर्छ।

१५ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिकविद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्वीकृत रिक्त दरवन्दीको विबरण प्रत्येक ६ महिनामा शिक्षा बिकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र शिक्षा बिकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनु पर्ने उल्लेख छ । पालिकाले पेश गरेको विबरण अनुसार आधारभुत र माध्यमिक गरी ८० स्वीकृत शिक्षक दरवन्दी रहेकोमा ६९ जना पदपुर्ति भई ११ दरवन्दी रिक्त रहेको छ। पदपुर्तिको लागी माग आकृति फारम पठाएको नदेखिएकोले शिक्षक सेवा आयोग नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

| सं. | विद्यालयको संख्या | स्विकृत दरवन्दी आधारभुत तह १ देखि ५ | स्विकृत दरवन्दी आधारभुत तह ५ देखि ८ | स्विकृत दरवन्दी माध्यामिकतह ९ देखि १० | स्विकृत दरवन्दी माध्यामिकतह ११देखि १२ | जम्मा स्विकृत दरवन्दी | स्थायी पदपूर्ति | शिक्षण अनुदान कोटा राहत | संघिय शसर्त अनुदान (गणित विज्ञान) | पालिका अनुदान | जम्मा करारपदपुर्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३४ | ५६ | ९ | १० | ५ | ८० | ६९ | ५५ | ८ | ८७ | |

१६ **विद्यालय समायोजन र दरबन्दी मिलान**

शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार हिमाली जिल्लामा रहेको यस पालिकामा शिक्षक-विद्यार्थी अनुपात न्युनतम ३ देखि ३९ सम्म ३० विद्यालय र अधिकतम ४० देखि ४१ सम्म २ विद्यालय देखिएका छन । कानुनी व्यवस्था बमोजिम यस पालिकाले शिक्षक/विद्यार्थी अनुपात ४० हुने गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान गरिनुपर्दछ ।

| सि नं | विद्यालयको नाम | कुल शिक्षक | विद्यार्थि संख्या | शिक्षक/विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| 1 | सुकुडामाध्यमिक विद्यालय | ३० | १०३५ | ३४.५० |
| 2 | महादेवमाध्यमिक विद्यालय | १८ | ५६७ | ३१.५० |
| 3 | केदार माध्यमिकविद्यालय | १७ | ६९० | ४०.५९ |
| 4 | देवेश्वरीमाध्यमिक विद्यालय | १७ | ६२२ | ३६.५९ |
| 5 | मष्टा माध्यमिकविद्यालय | १२ | २५५ | २१.२५ |
| 6 | भगवती माध्यमिकविद्यालय | ११ | १७८ | १६.१८ |
| 7 | केदार आधारभूतविद्यालय | ८ | २८५ | ३५.६३ |
| 8 | भुमिराजआधारभूत विद्यालय वसैल | ९ | २७६ | ३०.६७ |
| 9 | भुमेश्वरीआधारभूत विद्यालय | ८ | १३६ | १७.०० |
| 10 | धारी आधारभूतविद्यालय | ९ | १७५ | १९.४४ |
| 11 | महेश्वरआधारभूत विद्यालय | ९ | २०५ | २२.७८ |
| 12 | रत्न आधारभूतविद्यालय | ८ | १५५ | १९.५८ |
| 13 | कालिकावालज्योती आधारभूत विद्यालय | ५ | १५८ | ३१.६० |
| 14 | शिव भवानीआधारभूत विद्यालय | ५ | १७३ | ३४.६० |
| 15 | भुमिराजआधारभूत विद्यालय सुवाकोट | ५ | ८९ | १७.८० |
| 16 | कालिका आधारभूतविद्यालय गोविन्दधार | ५ | ८६ | १७.२० |
| 17 | कालिका भगवतीआधारभूत विद्यालय | ५ | २०९ | ४१.८० |
| 18 | मनकामनाआधारभूत विद्यालय | ५ | ९४ | १८.८० |
| 19 | महादेव आधारभूतविद्यालय रैकोसी | ५ | १०९ | २१.८० |
| 20 | भुमिराजआधारभूत विद्यालय उडी | ५ | ६१ | १२.२० |
| 21 | चिरासैनीआधारभूत विद्यालय | ५ | १३३ | २६.६० |
| 22 | मष्टा आधारभूतविद्यालय | ५ | ९६ | १९.२० |
| 23 | भुमेश्वरआधारभूत विद्यालय | ५ | ७८ | १५.६० |
| 24 | सरस्वतीआधारभूत विद्यालय | ४ | ३८ | ९.५० |
| 25 | बालजिवनआधारभूत विद्यालय | ५ | ८० | १६.०० |
| 26 | डाँडादेवलआधारभूत विद्यालय | ५ | ८४ | १६.८० |
| 27 | गडदेवी आधारभूतविद्यालय | ३ | ६४ | २१.३३ |
| 28 | जनचेतनाआधारभूत विद्यालय | ४ | ५८ | १४.५० |
| 29 | केदार नमुनाआधारभूत विद्यालय | ३ | ४० | १३.३३ |
| 30 | केदार आधारभूतविद्यालय | ३ | ५० | १६.६७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| 31 | जनकल्याणआधारभूत विद्यालय | ३ | १० | ३.३३ |
| 32 | भवानी कैरालाआधारभूत विद्यालय | २ | १७ | ८.५० |

१७ **सामुदायिक सिकाइ केन्द्रमा अनुदान**

कार्यक्रम सञ्चालन निर्देशिका, २०८०।८१ को सि.नं ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी तपसिलका मापदण्ड पूरा गरेका, वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व.को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको, सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुष्ठ रु. २ लाख ५० हजार रकम अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले तोकिएको मापदण्ड वमोजिम केन्द्रलेगरेका नियमित कार्यहरूको प्रतिवेदन र साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, लेखापरीक्षण गरी प्रतिवेदनपेश गरेको प्रमाण वेगर देहाय वमोजिम अनुदान दिएकोले उल्लेखित प्रमाण लिएर मात्र अनुदान दिनुपर्दछ ।

| गो भौ नं | सामुदायिक केन्द्रको नाम | अनुदान रकम |
|---|---|---|
| १६।२०८०।६।२२ | देउलेक सामुदायिक सिकाइ केन्द्र, | ६८,०००।०० |
| १४६।२०८०।१२।२४ | देउलेक सामुदायिक सिकाइ केन्द्र, | ५१,०००।०० |
| २४३।२०८१।२।७ | देउलेक सामुदायिक सिकाइ केन्द्र, | १३,०००।०० |
| जम्मा | | १,३२,०००।०० |

१८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

राज्यको सक्रिय श्रमशक्तिलाई निर्वाह भत्ता दिनु भन्दा रोजगारीमा संलग्न गराई ज्याला भुक्तानी गर्ने विधि अन्तर्राष्ट्रिय प्रचलनमा रहेको सन्दर्भमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिम एक सय दिनको रोजगारी नपाएका वा एक सय दिन बराबरको आम्दानी गर्न नसकेका १८ देखि ५९ वर्ष उमेर समूहका नागरिकलाई एक सय दिनको रोजगारी प्रदान गर्ने उद्देश्यका साथ विश्व वैकंको सहुलियतपुर्ण ऋण सहयोगमामा प्रधानमन्त्री रोजगार कार्यक्रम पालिका मार्फत कार्यान्वियनमा रहेको छ। पालिकाले कुलो मर्मत र सरसफाई जस्ता कार्यक्रम सञ्चालनमा खर्च गरी रोजगार लगाएकोमा दिर्घकालिन तथा पुँजी निर्माण हुने योजनामा कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

| कार्यक्रम | सुचिकृत रोजगार संख्या | रोजगार संख्या | न्युनतम रोजगारी अवधि | आयोजनाको कार्यक्षेत्र | आयोजनाको संख्या | कुल ज्याला भुक्तानी |
|---|---|---|---|---|---|---|
| रोजगारी प्रदान | १३३६ | ८७ | १००दिन | सिचाइ कुलो मर्मत र सरसफाई, गोरेटो वाटो मर्मत ,खानेपानि मर्मत लगायत | ९ | ५८,११,६००।०० |

१९ **प्रोभिजनल सम**

निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल समबाट खर्च भएको वास्तविक बिलकोआधारमा भुक्तानी दिने उल्लेख छ। आयोजना र निर्माण व्यवसायी बीच भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा प्रोजेक्ट मेनेजरको पूर्व स्वीकृति लिई त्यस्तो कार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ ।खरीद संझौता अनुसार प्रोभिजनल समबाट भुक्तानी गर्दा वास्तविक खर्चको विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्दछ। पालिकाले निम्न निर्माण व्यवसायीलाई प्रोभिजनल सम आइटम वापत रु.१,८१,२००।०० भुक्तानीदिएकोमा खर्चको विल भर्पाई बेगर नै भुक्तानी भएकाले खर्चको यथार्थ विल विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो भौ नं | निर्माण ब्यबसायी कार्य | प्रोभिजनल सम आइटम | रकम | कैफियत |
|---|---|---|---|---|
| २।२०८०।८।८ | खानी/थोदुङ/ जागृति जे भि | ल्याव टेष्ट | ४९८०० | १५ वेड अस्पताल |
| ५।२०८०।१२।१४ | खानी/थोदुङ/ जागृति जे भि | ल्याव टेष्ट | ४१५०० | १५ वेड अस्पताल |
| ८।२०८०।१२।१४ | खानी/थोदुङ/ जागृति जे भि | ल्याव टेष्ट | २४९०० | १५ वेड अस्पताल |
| जम्मा | | | ११६२०० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१६,२०० |

२० **डण्डीको वेस्टेज**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (१०) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम गर्नुपर्ने उल्लेख छ । पालिकाले फलामे डण्डी स्वीकृत नर्म्स बमोजिम ५ प्रतिशत वेस्टेज राखी लागत अनुमान तयार गरी वोलपत्र गरेकोमा कार्य गरेको नापी किताबमा पुन: देहाय बमोजिम डण्डिको वेस्टेज देखाई रु. १,२२,५७० भुक्तानी गरेको छ । लागत अनुमानमा डण्डी वेस्टेज दिएपछि नापी किताबमा पनि डण्डी वेस्टेज दिन नमिल्ने हुँदा सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

| **कार्य** | **निर्माण व्यवसायी** | **विवरण** | **वेस्टेज डण्डी परिमाण के जी** | **भुक्तानी दर मुअकर समेत** | **असुल गर्ने रकम** |
|---|---|---|---|---|---|
| प्रशासकीय भवन | ए एम/ किनारा जे भि | सातौ रनिङ विलमा डण्णीको वेस्टेज भुक्तानी | ७२३।१३१५९८ | १६९।५० | १,२२,५७०।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,५७० |

२१ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावलीको नियम, १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै, सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेव्यवस्था छ । त्यस्तै, उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाँचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ

गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्न सक्ने अवस्था रहेन। अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

| ठे नं | निर्माण ब्यबसायी | कार्य | लागत अनुमान | सम्झौता रकम | कार्य स्विकार रकम | कार्य स्विकार मिति |
|---|---|---|---|---|---|---|
| BCRM-CW-13-077-78 | जागृति निर्माण सेवा | चिल्ड्रेन पार्क ल्याड स्केपीङ | ३०५२९१६९।०० | २०४९८५८४।३७ | १,६७,२३,७६४।०८ | २०८०।८।२९ |

## २२ खरिद व्यवस्थापन

२२.१ सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । आवश्यकता पहिचान गरी ऐनको व्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| **गो.भौ.नं.** | **विवरण** | **आपूर्तिकर्ता** | **रकम** |
|---|---|---|---|
| २०८१।३।२३-१५९ | फर्निचर खरिद | आर.जे. ट्रेडर्स एण्ड सप्लायर्स | ९,७९,७१० |
| २०८१।३।२३-१६० | फर्निचर खरिद | दुर्गा स्टिल फर्निचर | ९,८४,२३० |
| जम्मा | | | १९,६३,९४० |

२२.२ नाफामूलक संस्थालाई अनुदानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष गो.भौ.नं. २०८०।१२।१८-४८ मा नाफामूलक संस्था आरती कृषि तथा वहुउद्देश्यिय फर्मलाई व्यवसाय प्रोत्साहन अनुदान बापत रु. ४,००,००० उपलव्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम हुने सेवा प्रवाह तथा जनताको अर्थोपार्जनको आधार सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२२.३ म्याद थप - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्ने व्यवस्था छ। यो वर्ष कार्यालयले खरिद सम्झौता भएको मध्ये १ सम्झौताको ५० प्रतिशत, ४ सम्झौताको सो भन्दा बढी म्याद थप गरेको र १ सम्झौताको म्याद थप नै नभएको देखियो । उल्लेखित नियमावलीको नियम १२०(६) मा भएको व्यवस्था अनुसार ५० प्रतिशत भन्दा बढी अवधिको म्याद थप गर्न नपाइनेमा नियमावलीको व्यवस्था कार्यालयमा भएको छैन । यसरी कानुन बाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारीको कार्य सम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ ।

| क्र.स | कार्यक्रमको नाम | ठेकेदारको नाम र कार्य | म्याद थप गर्नु नपर्ने | शुरु अवधिको ५० प्रतिशत सम्म थप | शुरु अवधिको ५१ देखि १०० प्रतिशत सम्म थप | शत प्रतिशत भन्दा वढी अवधि थप |
|---|---|---|---|---|---|---|
| १ | देउलेख मल्चिर पाडपाखा ग्रामिण सडक | केशर कन्स्ट्रक्सन, डडेल्धुरा | | २०८० कार्तिक २८ मा समाप्त भइ २०८० माघ २८ सम्म थप भएको | | |
| २ | Construction of Sunkuda Dhari Doba, Bagthala Dhari Doba Road | स्वाँर कन्स्ट्रक्सन, अछाम | | | २०८० असार मसान्तमा समाप्त भइ २०८० चैत्र मसान्त सम्म थप भएको | |
| ३ | रैकोशी बैतडी सडक निर्माण | भूमिराज कन्स्ट्रक्सन, धनगढी | | | २०८० असार मसान्तमा समाप्त भइ २०८० फाल्गुन मसान्त सम्म थप भएको | |
| ४ | बित्थडचिर चिल्ड्रेन पार्क ल्याण्ड स्केपिंग ओर्क | जागृति निर्माण सेवा, काठमाडौं | | | | २०७९ जेष्ठ ३० मा समाप्त भइ २०८० मंशिर मसान्त सम्म थप भएको |
| ५ | १५ शैया अस्पताल भवन निर्माण | खानि/ठुदुंग/ जागृति जेभी, काठमान्डौ | | | | २०८० जेष्ठ २८ मा समाप्त भइ २०८१ मंशिर मसान्त सम्म थप भएको |
| ६ | प्रशासकीय भवन निर्माण | ए एम किनारा जेभी | | २०८० जेष्ठ १० गते म्याद समाप्त भएको | | |

२२.४ कन्टिन्जेन्सी खर्च - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ कार्यलय सञ्चालन तर्फ रु. ४३,००० र अनुगमनमा रु. ४,५०,००० र मर्मतमा रु ५२,००० गरी यस वर्ष रु. ५ लाख ४५ हजार कन्टीन्जेन्सी खर्च गरेको छ ।

| कार्यक्रमको नाम | लागत अनुमान | कन्टिन्जेन्सी खर्च | | कन्टिन्जेन्सी खर्च शिर्षक | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गत बर्ष सम्मको | चालु वर्षको | मस्टरोल | मर्मत | इन्धन | अनुगमन | कार्यालय सञ्चालन | अन्य |
| विविध कार्यक्रम | | | | | ५२००० | | ४५०००० | ४३००० | |

• कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

• महालेखा नियन्त्रक कार्यालयले वि.सं. २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ को खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी, छपाइ सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट रु. ५,४५,०००।०० खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन्।

• कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।

• पालिकाले कन्टिन्जेन्सी खर्च सम्वन्धमा कार्यविधि तयार गर्नुपर्नेमा कार्यविधि तयार देखिएन ।

२३ **बीजक भन्दा बढी भुक्तानी**

निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल समबाट खर्च भएको वास्तविक बिलको आधारमा भुक्तानी दिने उल्लेख छ । खरीद सम्झौता अनुसार प्रोभिजनल समबाट भुक्तानी गर्दा वास्तविक खर्चको विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले गो.भौ.नं २०८०।११।१८-३१ मा देउलेख पाडपाखा सडक निर्माण (BCRM-CW-01-2079/80) मा केसर कन्स्ट्रक्सनलाई विमा वापत भुक्तानी रु. ४०,००० भएकोमा रु. ३६,०९८ को मात्र विमा गरेको देखिएकाले विमाको विल भन्दा बढी भुक्तानी भएकाले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९०२ |

२४ **उपभोक्ता समितिबाट खरिद**

२४.१ लागत अनुमानमा नरहेको कार्यको भुक्तानी: सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र १० बमोजिम गर्नुपर्दछ । त्यसैगरी, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम खरिद गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानमा नरहेको निम्नानुसार आइटमको भुक्तानी गरेकोले नियमित हुनुपर्दछ।

| **गो.भौ.नं.** | **विवरण** | **आइटम** | **लागत अनुमान अनुसार** | **कार्यसम्पन्न अनुसार** | **बढी** |
|---|---|---|---|---|---|
| २०८१।१।२७-५६ | मल्लागाउँ खानेपानी सोलार लिफ्टिङ्ग | मिटर सेफ्टी बक्स | नरहेको | १,६१,१६६ | १,६१,१६६ |
| २०८१।२।४-६३ | देउलेख देखि धामीगाउँ सम्म कृषी ग्रामिण सडक | EW Hard Boulder Mix Soil | नरहेको | १,८०,९०२ | १,८०,९०२ |
| | | EW Medium Rock | नरहेको | २,१८,९६८ | २,१८,९६८ |
| | | Tap Construction | नरहेको | ६२,०२३ | ६२,०२३ |
| | | Pipeline EW & Filling work | नरहेको | ६१,१८२ | ६१,१८२ |
| | | Transportation of Humepipe | नरहेको | २०,००० | २०,००० |
| २०८१।२।३०-९८ | भुमिराज मन्दिर घेरावार | Dry Stone Wall | ३,४६,७३१ | ४,५४,५५८ | १,०७,८२७ |
| २०८१।३।१२-१२९ | धारी बिटा घोरेटो बाटो | नरम माटो खन्ने | नरहेको | १,०३,३१४ | १,०३,३१४ |
| २०८१।३।१२-१३० | नाख्खोला खानेपानी योजना | 40 mm 10 kg Pressured HDPE | नरहेको | ८९,३२२ | ८९,३२२ |
| जम्मा | | | | | १०,०४,७०४ |

| | |
|---|---|
| अनियमित भएको | १०,०४,७०४ |

२४.२ **उपभोक्ता समिति मार्फत कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष १०६ वटा उपभोक्ता समिति मार्फत काम गराई रु. ३,३३,९८,२८९ भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणमा प्राविधिकको मूल्याङ्कनलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

• कुनैपनि उपभोक्ता समितिसँग योजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन।

• कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिक रुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन।

• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन।

• उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन।

• उपभोक्ता समितिमा रहेको पदाधिकारी एकै घरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकै घरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन।

तसर्थ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२४.३ **बढी भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ १(ख) बमोजिम सार्वजनिक निकायले बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको गो.भौ.नं २०८१।२।१४-६८ मा कालिका भगवती क्षेत्र विकास कोषलाई कालिका मन्दिर संरक्षण तथा मर्मतका लागि भुक्तानी गर्दा अन्तिम बिल तथा कार्यस्विकार प्रतिवेदन अनुसार प्लाष्टर १:४ (२० मि.मि) को १०४.९१ ब.मि को रु. ४४१.५८ का दरले रु. ४६,३२६ भुक्तानी भएकोमा नापी किताब अनुसार ९१.४९ ब.मि कार्य भएकाले बढी भुक्तानी भएको १३.४२ ब.मि को असूल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९२६ |

२४.४ **दररेट भन्दा बढी भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ १(ख) बमोजिम सार्वजनिक निकायले बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं २०८१।१।२७-५६ मा मल्लागाउँ खानेपानी सोलार लिफ्टिङ्ग योजनाको तेस्रो रनिङ विलको भुक्तानी गर्दा देहाय बमोजिम बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने

| विवरण | भुक्तानी दर | भुक्तानी | हुनुपर्ने दर | हुनुपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| RVT फ्लोट भल्व ४० mm १ थान | १७,३२५ | १७,३२५ | १२,७१० | १२,७१० | ४,६१५ |
| RVT फ्लोट भल्व ३२ mm ३ थान | १३,७०५ | ४१,११५ | ९,२७० | २७,८१० | १३,३०५ |
| जम्मा | | | | | १७,९२० |

| असुल गर्नुपर्ने | १७,९२० |
|---|---|

२४.५ **फरक नर्म्स प्रयोग:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ १(ख) बमोजिम सार्वजनिक निकायले बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको गो.भौ.नं २०८१।३।२-१०९ मा स्याडी भगवती मन्दिर निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा आर.सि.सि. (१:२:४) वापत प्रति घन मिटरको रु. १७,७१७.८९ का दरले १८.५५ घन मिटरको भुक्तानी गरेको छ । पालिकाले २०४१ सालमा स्वीकृत गरेको HMG नर्म्स प्रयोग गरेर उपभोक्ता समितिलाई भुक्तानी गरेको तर अहिले सो नर्म्सको प्रयोग नगरी शहरी विकास तथा भवन निर्माण सम्बन्धी नर्म्सको प्रयोग गरी भवन बनाउँदा समेत आर.सि.सि. को लागी पि.सि.सि (१:२:४) प्रति घन मिटरको रु. १४,२२२.८९ का दरले भुक्तानी गर्नुपर्नेमा प्रति घन मिटरको रु. १७,७१७.८९ का दरले भुक्तानी गरेकाले रकम नियमित हुनुपर्दछ।

| अनियमित भएको | ६४,८३२ |
|---|---|

२४.६ **हेभी इक्विपमेन्ट प्रयोग**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । सञ्चालित अधिकांश निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई सहमति लिएको पाईएन ।

| गोभौनं | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २०८०।१२। १४-४४ | गुरु बगड देखि वैश सम्म सडक निर्माण | सडक निर्माण | १,१२,००० | जेसिभि | १,१२,००० |
| २०८१।२।४-६३ | देउलेख देखि धामीगाउँ सम्म कृषि सडक निर्माण | सडक निर्माण | ४,८०,००० | ब्याक हु लोडर | २,७२,००० |
| २०८१।२। २०-६९ | गैचोड देखि तोला सम्म ग्रामिण सडक निर्माण | सडक निर्माण | १४,९३,८९८ | एक्साभेटर | १४,७०,५०० |
| २०८१।२। २७-९० | स्याडी देखि महादेव मा.वि.सम्म सडक निर्माण | सडक निर्माण | १२,८७,८९१ | एक्साभेटर | १,४४,००० |
| २०८१।३। ५-११२ | ढुंगेली ग्रामिण सडक निर्माण | सडक निर्माण | ४,८०,००० | जेसिभि | ४,५०,००० |
| २०८१।३। ६-११३ | केदार मा.वि. देखि खुल्मौर मल्लागाउँ सडक निर्माण | सडक निर्माण | १,४४,००० | जेसिभि | ९६,३२० |
| २०८१।३। ६-११४ | सुनकुडा देखि भतडा ग्रामिण कृषी सडक | सडक निर्माण | ४,०५,११४ | एक्साभेटर | ३,४८,००० |
| २०८१।३। १६-१३७ | वित्थड देखि भाराभिड सडक निर्माण | सडक निर्माण | ३,८४,००० | जेसिभि | २,३१,६८० |
| २०८१।३। २०-१५१ | टुडिखाड सडक निर्माण | सडक निर्माण | ६,५५,००० | एक्साभेटर | ६,५५,००० |
| जम्मा | | | | | ३६६७६१२ |

तसर्थ, नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

## २५ अनुगमन भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा पालिका भित्र अनुगमन वापत भत्ता पाउने व्यवस्था उल्लेख छैन। पालिकाले भौ.नं. ६०९ मिति २०८१।०३।१७ बाट दलित लक्षित कार्यक्रम अन्तर्गत दलित समुदायको सरसफाई कार्यक्रमको अनुगमन वापत निम्न पदाधिकारीलाई भत्ता भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने

| नाम | पद | दिन | कर कट्टी पछिको असुली रकम |
|---|---|---|---|
| धनलक्ष्मी सिंह मल्ल | उपाध्यक्ष | ३ | २५५०।०० |
| रोगडो कामी | कार्यपालिका सदस्य | २ | १७००।०० |
| विरजित चुनारा | कार्यपालिका सदस्य | २ | १७००।०० |
| जम्मा | | | ५,९५०।०० |

| असुल गर्नुपर्ने | ५,९५० |
|---|---|

## २६ गत आ.व.को अनुगमन भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ बमोजिम पालिका भित्र अनुगमन गरे वापत पदाधिकारीले अनुगमन भत्ता प्राप्त गर्ने व्यवस्था भएको छैन। तर पालिकाले निम्न भौचरहरुबाट गत आ.ब.को भुक्तानी हुन बाँकी योजना अनुगमन

वापतको रकम विभिन्न कर्मचारी तथा पदाधिकारीहरुलाई भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने

| भौ.नं.मिति | नाम थर | पद | असुली रकम |
|---|---|---|---|
| ४६१-२०८१।२।१४ | हरिशचन्द्र जोशी | वडा अध्यक्ष | ३५०००।०० |
| | लाल बहादुर विष्ट | वडा सदस्य | २००००।०० |
| | मान सिं रावल | वडा सदस्य | २००००।०० |
| | बिर्मा दमाई | दलित महिला सदस्य | १००००।०० |
| | अनुशा विष्ट | महिला सदस्य | १००००।०० |
| | शेर बहादुर ढाँट | सदस्य सचिव | २००००।०० |
| | विर बहादुर विष्ट | कार्यालय सहयोगी | ५०००।०० |
| ४५७-२०८१।२।१३ | सुरेश अधिकारी | प्राविधिक | ८०००।०० |
| | दिनेश बहादुर अधिकारी | वडा अध्यक्ष | २२०००।०० |
| | मुकुन्द राज जोशी | वडा सदस्य | १००००।०० |
| | प्रमिला जोशी | वडा सदस्य | १००००।०० |
| | नरेश बहादुर विष्ट | वडा सदस्य | १००००।०० |
| | रेखा नेपाली | वडा सदस्य | १००००।०० |
| | कलक धामी | वडा सचिव | १२०००।०० |
| | जानकी जोशी | CPSW | ६०००।०० |
| | राजेश अधिकारी | का।स। | ८०००।०० |
| ४५४-२०८१।२।१३ | विमला स्याडा | वडा सदस्य | १५०००।०० |
| | कलसा देवी धामी | वडा सदस्य | १५०००।०० |
| | पिपला बोहरा | वडा सदस्य | १००००।०० |
| | रंगा देवी लहार | वडा सदस्य | १००००।०० |
| | नरेन्द्र राज जोशी | वडा सचिव | १००००।०० |
| | मिलन बहादुर धामी | कार्यालय सहयोगी | १००००।०० |
| | कल्पना रावल खडायत | | ५०००।०० |
| जम्मा | | | २,९१,०००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९१,००० |

२७ **अतिथि सत्कार खर्च**

तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ को उपदफा १ बमोजिम गाउँकार्यपालिका अध्यक्ष, उपाध्यक्ष तथा पदाधिकारीहरुको मासिक सुविधाको व्यवस्था उल्लेख छ। पालिकाले पदाधिकारीको मासिक सुविधा भुक्तानी गर्दा अतिथि सत्कार वापतको भत्ता पनि भुक्तानी गरेकोमा तपसिलमा उल्लेखित भौचरहरुबाट पदाधिकारीलाई अतिथि सत्कार खर्चको बिल राखी भुक्तानी गरेको दोहोरो सुविधा देखिएकोले सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने

| भौ.नं.मिति | पदाधिकारीको नाम, थर | प्रयोजन | रकम |
|---|---|---|---|
| ७१९-२०८१।०३।२४ | दिनेश अधिकारी (वडा अध्यक्ष) | अतिथि सत्कार खर्च | २५०००।०० |
| ७३२-२०८१।०३।२४ | हरिशचन्द्र जोशी (वडा अध्यक्ष) | अतिथि सत्कार खर्च | २५०००।०० |
| ७३३-२०८१।०३।२४ | धनलक्ष्मी कुमारी सिंह (उपाध्यक्ष) | आगन्तुक सत्कार खर्च | ३००००।०० |
| जम्मा | | | ८०,०००।०० |

| असुल गर्नुपर्ने | ८०,००० |
|---|---|

२८ **स्थानीय भत्ता**

सरकार मन्त्रीपरिषद्को २०७१।३।२९ को निर्णय तथा अर्थ मन्त्रालयको मिति २०७१।४।२ को नयाँ तलबमान, सुविधा सम्बन्धमा गरेको परिपत्रको वुदाँ २ मा स्थानीय स्तरमा स्थानीय निकाय तथा समितिद्धारा नियुक्त भई सोही स्थानमा काम गर्ने कर्मचारीले स्थानीय भत्ता नपाउने तर क र ख वर्गका जिल्लामा काम गर्ने कर्मचारीहरुलाई भने तोकिएको दरको ५० प्रतिशतले स्थानीय भत्ता दिन सकिने व्यवस्था छ । पालिकाले अस्थायी तथा करार नियुक्त गरेका कर्मचारीलाईतोकिएको दरको ५० प्रतिशत स्थानीय भत्ता भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी गरेको मन्त्रीपरिषदको निर्णय विपरित देखिएकोले सम्बन्धित कर्मचारीबाट ५० प्रतिशत भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने

| नाम।थर | श्रेणी।पद | स्थानीय भत्ता दर | ५० प्रतिशतले हुने रकम | भुक्तानी रकम | बढी भुक्तानी | महिना | जम्मा असुल रकम |
|---|---|---|---|---|---|---|---|
| शैलेन्द्र बहादुर मल्ल | अधिकृत छैटौं (इन्जिनियर) | ११८१० | ५९०५ | ११८१० | ५९०५ | १२ | ७०८६० |
| जय बहादुर धामी | रोजगार सहायक | ७७१० | ३८५५ | ७७१० | ३८५५ | १२ | ४६२६० |
| गेड्डु बोहरा | कार्यालय सहयोगी | ४७३० | २३६५ | ४७३० | २३६५ | १२ | २८३८० |
| गगन बहादुर बोहरा | कार्यालय सहयोगी | ३१०० | १५५० | ३१०० | १५५० | १२ | १८६०० |
| | | | | | | | १,६४,१००।०० |

| असुल गर्नुपर्ने | १,६४,१०० |
|---|---|

२९ **निजी स्रोतको शिक्षक पारिश्रमिक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले कानुन निर्माण गरी पालिका अनुदानमा शिक्षक व्यबस्था गरी स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका देहाय विद्यालयका शिक्षकलाई यस वर्ष रु. १,९१,५१,०००।०० पारिश्रमिक भुक्तानी गरेको छ । पालिकाले विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान र शिक्षक विद्यार्थी अनुपात (हिमालमा ४०) समेत विश्लेषण नगरी पालिका अनुदान नियम विपरित शिक्षक व्यवस्था गरेकोले अनियमित देखिएको

| क्र.सं. | विद्यालयको नाम | शिक्षक बिद्यार्थी अनुपात | पालिकले स्विकृत दरवन्दी | अनुदान खर्च रकम |
|---|---|---|---|---|
| १ | सुकुडा माध्यामिक विद्यालय | ३४.५० | ५ | ८६७०००।०० |
| २ | महादेव माध्यामिक विद्यालय | ३१.५० | १ | २०२०००।०० |
| ३ | केदार माध्यामिक विद्यालय | ४०.४९ | १ | २१५०००।०० |
| ४ | देवेश्वरी माध्यामिक विद्यालय | ३६.५९ | १ | २४१०००।०० |
| ५ | मष्टा माध्यामिक विद्यालय | २१.२५ | ६ | १२१२०००।०० |
| ६ | भगवती माध्यामिक विद्यालय | १६.१८ | ५ | १३३५०००।०० |
| ७ | केदार आधारभुत विद्यालय | ३५.६३ | ५ | ९७१०००।०० |
| ८ | भुमिराज आधारभुत विद्यालय | ३०.६७ | ६ | ११८६०००।०० |
| ९ | भुमेश्वरी आधारभुत विद्यालय | १७ | ५ | ९७१०००।०० |
| १० | धारी आधारभुत विद्यालय | १९.४४ | ४ | ८४७०००।०० |
| ११ | महेश्वर आधारभुत विद्यालय | २२.७८ | ५ | १०३६०००।०० |
| १२ | रत्न आधारभुत विद्यालय | १९.७८ | ४ | ७६९०००।०० |
| १३ | कालिका बालज्योति आधारभुत विद्यालय | ३१.६० | ४ | ८०८०००।०० |
| १४ | शिवभवानी आधारभुत विद्यालय | ३४.६० | ४ | ८०८०००।०० |
| १५ | कालिका आधारभुत विद्यालय गोविन्दधार | १७.२० | १ | २०२०००।०० |
| १६ | कालिका भगवती आधारभुत विद्यालय | ४१.६० | ३ | ६०६०००।०० |
| १७ | मनकामना आधारभुत विद्यालय | १८.८० | ४ | ९४५०००।०० |
| १८ | भुमिराज आधारभुत विद्यालय उडी | १२.२० | ३ | ५३४०००।०० |
| १९ | चिरासैनी आधारभुत विद्यालय | २६.६० | २ | ४०४०००।०० |
| २० | मष्टा आधारभुत विद्यालय | १९.२० | ३ | ७४३०००।०० |
| २१ | भुमेश्वर आधारभुत विद्यालय | १५.६० | ४ | ८०८०००।०० |
| २२ | सरस्वती आवि | ९.५० | ३ | ३३९०००।०० |
| २३ | बालजीवन आवि | १६.०० | ४ | ८०८०००।०० |
| २४ | डाडाँदेवल आधारभुत विद्यालय | १६.८० | ४ | ८०८०००।०० |
| २५ | गडदेवी आधारभुत विद्यालय | २१.३३ | ३ | ५४१०००।०० |
| २६ | जनचेतना आवि | १४.५० | २ | ४०४०००।०० |
| २७ | जनकल्याण आधारभुत विद्यालय | ३.३३ | २ | ३३९०००।०० |
| २८ | भवानी कैराला आधारभुत विद्यालय | ४.५० | १ | २०२०००।०० |
| | | | | १,९१,५१,०००।०० |

| | |
|---|---|
| अनियमित भएको | १,९१,५१,००० |

३० **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज, खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाई पटक पटक र कर्मचारीहरुले आफु अनुकुल बजारमा गई कुल विनियोजन भएको रु. ६५,०२,०००।०० मध्ये रु. ६४,६५,०९६।०० खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको व्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ । यस सम्वन्धमा केही उदाहरणः

| **भौ.नं. मिति** | **आपुर्तिकर्ता** | **प्रयोजन** | **लागत अनुमान** | **खर्च रकम** |
|---|---|---|---|---|
| ६०-२०८०।०८।११ | न्यु मोहन इलेक्ट्रोनिक्स एण्ड मोबाइल पसल | मसलन्द तथा कार्यालय सामाग्री | नभएको | १५३०००।०० |
| ३३०-२०८०।१२।१५ | न्यु मोहन इलेक्ट्रोनिक्स एण्ड मोबाइल पसल | मसलन्द तथा कार्यालय सामाग्री | नभएको | २२४०००।०० |
| १४५-२०८०।०९।२० | भवानी जनरल स्टोर | कार्यालय सामाग्री | नभएको | ४०२४००।०० |
| ५०२-२०८१।०२।२७ | भवानी जनरल स्टोर | कार्यालय सामाग्री | नभएको | ३७९०००।०० |
| ७२७-२०८१।०३।२४ | भवानी जनरल स्टोर | कार्यालय सामाग्री | नभएको | २९९०००।०० |
| २९८-२०८०।१२।०२ | उरै सुर्मा स्टेशनरी अर्डर एण्ड सप्लायर्स | योजना पुस्तिका छपाई | नभएको | २४९५०४।०० |
| ३२७-२०८०।१२।१४ | कैलाश न्युज सेन्टर एण्ड एडभर्टाइजमेन्ट | छपाई | नभएको | २२४०००।०० |
| ४४२-२०८१।०२।०८ | न्यु गणेश पुस्तक पसल | मसलन्द | नभएको | २२२६३७।०० |
| ८०-२०८०।०८।१४ | होम टाउन इन्टरप्राइजेज | मेसिनरी तथा ल्यापटप | नभएको | २५३०००।०० |
| २४०-२०८०।११।११ | उग्रतारा टेक्निकल गुड्स सप्लायर्स | ल्यापटप | नभएको | १११९८३।०० |
| जम्मा | | | | ६४,६५,०९६।०० |

३१ **कृषि पशुतर्फ अनुदान**

सरकारी अनुदान रकम वितरण, सहयोग सही एवम् समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवम् अनुमोदन हुनुपर्दछ र सोको प्रभावकारी मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवम् उत्पादकत्व वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन तयार गर्नुका साथै अनुदान वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष पालिकाबाट संचालित व्यक्तिगत तथा समुहगत अनुदानका लागत साझेदारी नगरी सञ्चालन भएका मुख्य कार्यक्रमहरु देहाय वमोजिम छन्

| गो.भौ.नं-मिति | फर्मको नाम | अनुदान खर्च रकम |
|---|---|---|
| ३९८-२०८१।०२।०१ | एल एम एण्ड सन्स कृषि तथा पशुपंछी फर्म | २०००००।०० |
| ४२०-२०८१।०२।०२ | अधिकारी बाख्रा पालन फर्म | १०००००।०० |
| ४५३-२०८१।०२।१३ | जस्मिन कृषि तथा पशुपंछी फर्म | २०००००।०० |
| ४५८-२०८१।०२।१३ | समृद्धि बहुउद्धेश्यीय सहकारी संस्था | १४४०००।०० |
| ५०३-२०८१।०२।२७ | मिलन बहुउद्धेश्यीय कृषि तथा पशुपंछी फर्म | १०००००।०० |
| ५९५-२०८१।०३।१२ | चन्द्रसुर्य बहुउद्धेश्यीय कृषि फर्म | ४७९९९९।०० |
| ६२६-२०८१।०३।१७ | धामी गाउँ कृषि माछा तथा पशुपंछी फर्म | ३०००००।०० |
| जम्मा | | १५,२३,९९९।०० |

यसबाट देखिएको व्यहोराहरु यसप्रकार छन्

(क) अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा स्थानीय तहवाट अनुगमन भएतापनि अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको प्रतिफल प्राप्त हुने र उत्पादकत्वमा समेत वृद्धि गर्न सक्ने ठुला अनुदानका कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा कृषि पेशालाई आकर्षित गर्नुपर्ने र जनसहभागिता बृहत् हुनेगरी गर्नुपर्ने देखिन्छ । साथै, अनुगमन प्रभावकारी वनाई अनुदान रकम दोहोरो ( संघ,प्रदेश, स्थानीय तह मा) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ ।

३२ **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ मा सार्वजनिक निकायले घर भाडामा लिनुपर्दा घरजग्गा भाडा निर्धारण समितिले भाडामा लिने घरजग्गाको भाडा निर्धारण गरेपछि सोको लिखित जानकारी लिएर घरधनीसँग सम्झौता गरी भाडामा लिनुपर्ने व्यवस्था छ। पालिकाले देहायबमोजिमको कार्यको लागि घरजग्गा भाडा निर्धारण समितिबाट घरजग्गाको भाडा निर्धारण नगरी विगत वर्षदेखि नै घरभाडा भुक्तानि गर्दै आएको छ। यस आर्थिक वर्षमा पालिकाले जम्मा २६ वटा भौचरहरुबाट विभिन्न प्रयोजनका लागि रु. १२,३०,३१९।०० घरभाडा भुक्तानी गरेको छ। खरिद कानुनको पालना गरी यस्तो कार्य नियन्त्रण गरिनुपर्दछ। यसका केही उदाहरण देहाय अनुसार छन।

| गो.भौ.नं.मिति | घरधनीको नाम | रकम |
|---|---|---|
| ८९-२०८०।०८।१७ | जनक बहादुर बोहरा | ३६३००।००(श्रावण देखि मंसिर सम्म) |
| १८९-२०८०।१०।०९ | मदन बहादुर स्याडा | ४८०००।००(श्रावण देखि पौष सम्म) |
| ५४९-२०८१।०३।०७ | कल्पना देवी बोहरा | ६००००।००(श्रावण देखि असार सम्म) |

३३ **दैनिक भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्वेश्य उल्लेख गर्नुपर्ने तथा भ्रमणबाट फर्केपछि उद्वेश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । यस वर्षपालिकाले भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु. ४७,८८,६५१।०० खर्च गरेको देखियो। कार्यालयले भ्रमण अभिलेख खाता पुर्ण रुपमा नराखेको र भ्रमण प्रतिवेदन तयार गरेको देखिएन । भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन अनिवार्य राख्नुपर्दछ । साथै पालिकामा

निर्वाचित पदाधिकारीहरुको भ्रमण सम्बन्धमा भ्रमण प्रयोजन केवल कार्यालय कामकाज उल्लेख गरी स्वीकृत भएको देखिएको भ्रमण प्रतिवेदन पनि उल्लेख नभएको देखिएकोले यथार्थता एकिन गर्न सकिएन।

## ३४ मर्मत सम्भार

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए मालसामान प्रयोगकर्ताले लागत अनुमान स्वीकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र नभए, ऐन र नियमावलीको प्रकृया अवलम्वन गरी मर्मत सम्भार गराउनुपर्ने उल्लेख छ । यस्तो अवस्थामा त्यस्तो मालसामान, सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको मर्मत केन्द्र भए सो केन्द्रवाट आवश्यक परेका पाटपुर्जा प्रतिस्थापन गरिएको सम्वन्धित प्राविधिकवाट प्रमाणित गरी मर्मत सम्भार गर्नुपर्ने हुन्छ । यस बर्ष पालिकाले मर्मत खर्च भुक्तानीमा सवारी साधन मर्मत रु. १४,४१,९११ र मेशिनरी तथा औजार मर्मत संभार रु. ३८,७०,२६३ समेत रु. ५३,१२,१७४ खर्च लेखेकोमा नियमावलीको प्रकृया वमोजिम लागत अनुमान स्विकृत गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गराएको र पाटपुर्जा प्रतिस्थापन गरिएको सम्वन्धित प्राविधिकवाट प्रमाणित गराएको देखिएन । साथै, मर्मत रकम सम्वन्धित मर्मतकर्ता वा आपुर्तकलाई समेत भुक्तानी भएको समेत देखिएन । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

## ३५ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले पूँजीगत तथा चालु वजेट शीर्षकमा रकम विनियोजन गरी वितरणमुखि कार्यमा देहाय वमोजिम खर्च गरेको छ । पालिकाले संकलन गर्नुपर्ने राजस्व संकलन न्युन रहेको र संघ तथा प्रदेश माथि बजेट तथा अनुदानका लागि पुर्ण निर्भर रहेको अवस्थामा वित्तीय समानीकरणबाट प्राप्त रकम सार्वजनिक सेवा, जनजिविका र विकास निर्माणका कार्यमा खर्च गर्नुपर्नेमा यस्ता किसिमका अनुत्पादक तथा वितरणमुखी काममा खर्च गर्नु उचित देखिंदैन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ।नं। मिति | भुक्तानी पाउने व्यक्ति/संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १४९-२०८०।०९।२२ | मिलन धामी (वडा नं ६) | गौरा पर्व तिज कार्यक्रम | ९४०००।०० |
| १७३-२०८०।०९।२४ | भवानी जनरल स्टोर | ब्लाङकेट वितरण | ९५०००।०० |
| ५२३-२०८१।०३।२ | भुमिराज क्षेत्र विकास कोष | बिसु मेला व्यवस्थापन | ५००००।०० |
| ६०१-२०८१।०३।१६ | मान बहादुर बोहरा | द्याची मेला जात्रा व्यवस्थापन | ४९०००।०० |
| ६८३-२०८०।०३।२२ | शेर बहादुर ढाँट | गौरा पर्व जात्रा व्यवस्थापन | ७५०००।०० |
| ७०१-२०८०।०३।२३ | ग्यास चुलो वितरण समिति | ग्यास चुल्हो वितरण | १२४७९९।०० |

## ३६ विद्युतीय भुक्तानी प्रणाली

सरकारको निर्णय वमोजिम CGAS, SUTRA वाट हुने सवै भुक्तानीमा अनिवार्य रुपमा सम्वन्धित खातामा विद्युतिय भुक्तानी प्रणाली मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले SUTRA मार्फत भएका भुक्तानी मध्ये देहाय बमोजिम रकम भुक्तानी पाउने सवै भुक्तानी प्राप्त गर्नेको खातामा नगरी भुक्तानी प्राप्त गर्ने मध्येको ब्यक्तिको खातामा पठाई रकम भुक्तानी गरेको छ । रकम भुक्तानी पाउने सवै भुक्तानी प्राप्त गर्नेको खातामा पठाई यस्तो कार्य नियन्त्रण गरिनुपर्दछ ।

| गो भौ नं | प्रयोजन | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | रकम |
|---|---|---|---|---|
| ५९७-२०८१।३।१२ | विविध खर्च र मसलन्द सामाग्री | जय श्री भवानी पुस्तक पसल एण्ड किराना पसल लगायत अन्य फर्महरु | कोपिला पाल | २४००००।०० |
| ६०४-२०८१।३।१६ | प्रशासनिक खर्च र विविध खर्च | बोहरा जी।बी पुस्तक पसल | कमल चन्द | २२७८८०।०० |
| ६०७-२०८१।३।१७ | इन्धन खर्च | न्यु जय लक्ष्मी ट्रेडर्स | २ नं वडा अध्यक्ष | १६०००।०० |
| ६१४-२०८१।३।१७ | प्रशासनिक खर्च र विविध खर्च | विभिन्न फर्महरु | नरेन्द्र सिंह कार्की | २४००००।०० |
| ६१५-२०८१।३।१७ | कार्यालय सामाग्री | विभिन्न फर्महरु | कलक धामी | १४४०००।०० |
| ६२०-२०८१।३।१७ | कार्यालय सामाग्री | विभिन्न फर्महरु | उमेश राज जोशी | २४००००।०० |

३७ **आंशिक शिक्षक तथा कर्मचारीको व्यवस्था**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक, कर्मचारी, तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले कानुन निर्माण नगरि निम्न विद्यालयहरुमा कक्षा ११, १२ को पठनपाठन का लागि आंशिक शिक्षक तथा कर्मचारीको व्यवस्था गरी पारिश्रमिक वापत भुक्तानी गरेको अनियमित देखिएको

| विद्यालयको नाम | वार्षिक खर्च रकम |
|---|---|
| श्री सुनकुडा मा।वि | ५०००००।०० |
| श्री मनकामना आ।वि | १५००००।०० |
| वडा नं ७ शिक्षक अनुदान | १८५०००।०० |
| जम्मा | ८,३५,०००।०० |

| | |
|---|---|
| अनियमित भएको | ८,३५,००० |

३८ **सामाजिक सुरक्षा तर्फः**

३८.१

**सामाजिक सुरक्षा** सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम जेष्ठनागरिक, आर्थिक रुपले बिपन्न ,अशक्ततथा असहाय अबस्थामा रहेकाव्यक्ति, असहायएकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने लोपोन्मुख जातीलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार हुने व्यवस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि, २०७७ वमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टी गरी तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि प्रथम, द्धितिय, तृतिय र चौथो किस्ता गरी जम्मा रु. ९,५०,८४,५५२.०४ बैङ्किङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ।

३८.२ **अनुगमन तथा निरीक्षण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, बिभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत वनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यबस्था छ। सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको

सम्बन्धमा अनुगमन गरी प्रतिबेदन दिएको देखिएन। कार्यविधिले तोके बमोजिम अनुगमन प्रतिबेदन लिई प्रतिबेदनको उचित कार्यान्वयन गर्नुपर्दछ।

३८.३ **पारदर्शिता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम दर्ता र नवीकरण प्रक्रिया, भत्ताको दर प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्न र सो सम्बन्धि सुचना स्थानीय एफ.एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्न र स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानीय तहले वडा कार्यालयमा सार्वजनिक गरी आफ्नो वेवसाईटमा राख्ने व्यबस्था रहेकोमा सो बमोजिम पारदर्शिता कायम गरेको देखिएन।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : वित्थडचिर गाउँपालिका, बझाङ , बिथादचिर गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रमेश बहादुर बिष्ट | २०७८-१०-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रामचन्द्र धामी | २०७७-१२-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६९१,३६८ | २१,७०४,५३६ | १,४८७,००२ | ० | ० | ८९९,२०५ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २४,७८२,१११ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६५,००० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २४,७१७,१११ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २४६६८९९२.७४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८१३८७७८० | **चालु खर्च** | २८७१३८७७४.९२ |
| **प्रदेश सरकारबाट अनुदान** | १२३७६००० | **पूँजीगत खर्च** | ५३०१३४२४ |
| **राजश्व बाँडफाँट** | ६८०४४४००.८४ | **वित्तीय/अन्य व्यवस्था** | १६८६५६२२०.५ |
| **आन्तरिक आय** | २३८१२८७.२९ | | |
| **अन्य आय** | १५८१४७९४३.९८ | | |
| **कुल आय** | ५२२३३७४१२.११ | **कुल खर्च** | ५०८८०८४१९.४२ |
| **बाँकी मौज्दात** | | ३८१९७९८५.४३ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- कतिपय कारोवारहरुको आन्तरिक लेखापरीक्षण नभएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।